**प्रस्तावहरुः**

१. गत कार्यपालिकाका निर्णय कार्यान्वयनको समिक्षा ।

२. गाउँपालिकाको आ.व. २०८०/८१ को विनियोजन ऐन संशोधन ।

३. गाउँपालिकामा सूचिकृत दर्ता भएका अटो इ रिक्शाको रुट निर्धारण ।

४. सडकबोर्डसँग साझेदारी आयोजना तथा बजेट ।

५. करार कर्मचारीको मासिक पारिश्रमिक ।

६. समपुरक अनुदानबाट सञ्चालन हुने आयोजना ।

७. स्थायी कर्मचारी सेवा निवृत्तीभरणकोष स्थापना ।

८. निर्माण व्यवसाय 'घ' वर्गको इजाजत।

९. सडक मर्मतको भुक्तानी सम्बन्धमा ।

१०. भवन निर्माण मापदण्ड तथा नक्शापास कार्यविधि २०८० ।

११. स्थानीय तहको स्वमूल्याङ्कन नतिजा प्रकाशन ।

१२. प्रस्ताव स्वीकृति सम्बन्धमा।

१३. अनुदान शिक्षक व्यवस्थापन सम्बन्धमा।

१४. विधायन समितिले पेश गरेका विधेयक सम्वन्धमा

**निर्णयहरुः**

१. गत कार्यालिकाको बैठकबाट पारित भएका निर्णयहरु कार्यन्वयन सन्तोस जनक भएको र बाँकि पुरा नभएका निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने ।

२. सिस्ने गाउँपालिकाको विनियोजन ऐन २०८० को संशोधन प्रस्ताव गाउँसभाको १४ औं अधिवेशनमा स्वीकृतिका लागि पेश गर्ने ।

३. सिस्ने गाउँपालिकामा सूचिकृत तथा दर्ता भएका अटो तथा इ रिक्शा व्यवस्थापनका लागि तपसिल बमोजिम रुट कायम गर्ने ।

तपसिलः

क. छिप्रीदह देखि खोपिचार सम्म

ख. छिप्रीदह देखि धौलापैरा हुँदै भुमे गाउँपालिकाको कार्यालय खावाङबगर सम्म

ग. छिप्रीदह देखि रुमालबारा सम्म

घ. छिप्रीदह देखि लुस्पाधारा छिप्रीदह रिङरोड

ङ. छिप्रीदह देखि वाहुनठाना सम्म

च. छिप्रीदह देखि चोकबजार वाहुनटाना सम्म

छ. छिप्रीदह देखि नाथिगाउ सम्म

ज. छिप्रीदह देखि धाउने हुँदै वालुवा सम्म

कृष्ण ... गा.पा. अध्यक्ष

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

झ. छिप्रीदह देखि पाखागाउँ सम्म

भाडादर न्यूनतम रु ५० अक्षरेपी पचास रुपैया प्रति व्यक्ति र लामो दूरीमा प्रति किलोमिटर रु १५ का दरले हुनेगरी भाडादर कायम गर्ने ।

४. सडक बोर्ड नेपालसँग साझेदारीमा काम गर्न तपसिलको आयोजना छनौट गरी देहाय बमोजिमको रकम साझेदारी गर्ने ।

**आयोजनाको नामः** रुकुमकोट धाउने सडकखण्ड अन्तर्गत ढकालबारा बरारुख देखि रुकुमकोट स्वास्थ्य चौकीसम्म सडक मर्मत

**बजेटः** गाउँपालिका रु ५००००० अक्षरेपी पाँच लाख रुपैया सडक बोर्ड नेपाल समपुरक कोष रु १५००००० अक्षरेपी पन्ध्र लाख रुपैया

५. गाउँपालिकाको अनुदानबाट सेवा सुविधा पाउने करार सेवाका कर्मचारीको मासिक पारिश्रमिक अन्य सुविधा तथा विदा सुविधा देहायवमोजिम हुने ।

तपसिलः

| क्र स | पद | तह | मासिक पारिश्रमिक रु | अन्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन सहायक | पाँचौ सरह | ३४७३०।- | चाडपर्व खर्च एक महिना बराबरको र पोसाक भत्ता अन्य कर्मचारी सरह | |
| २ | अमिन | चौथो सरह | २४४८०।- | चाडपर्व खर्च एक महिना बराबरको र पोसाक भत्ता अन्य कर्मचारी सरह | |
| ३ | ल्याव असिस्टेन्ट | चौथो सरह | २१०००।- | चाडपर्व खर्च एक महिना बराबरको र पोसाक भत्ता अन्य कर्मचारी सरह | |
| ४ | कार्यालय सहायक | चौथो सरह | २१०००।– (नयाँ करार) | चाडपर्व खर्च एक महिना बराबरको र पोसाक भत्ता अन्य कर्मचारी सरह | |

करार सेवाका कर्मचारीले देहायवमोजिक विदा सुविदा पाउने छन् ।

किरिया विदाः १५ दिन (किरिया वस्ने कर्मचारीको लागि मात्र)

सुत्केरी विदाः ९८ दिन (बढीमा २ सन्तान सम्म)

सुत्केरी स्याहार विदाः १५ दिन ( बढीमा दुइ सन्तान सम्म)

विरामी विदाः महिनाको एक दिन

भैपरी आउने पर्व विदाः महिनामा एक दिन

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

माथि उल्लेखित कुनै पनि विदा वर्ष वितेपछि संचित हुने छैनन् । उल्लेखित विदा बाहेक अन्य विदा वस्नुपर्ने अवस्था आएमा सो निर्णय कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

६. सिस्ने गाउँ कार्यपालिकाको मिति २०८० मंसिर १७ को ५ औ बैठकको निर्णय नं २ संशोधन गरी देहाय बमोजिमका समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरु माग गर्ने ।

राष्ट्रिय योजना आयोगसँग माग गर्ने समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरु

| क स | आयोजनाको नाम | ठेगाना | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|
| १ | चोक बजार पाखागाउँ हुँदै सेराखेत ढलनिकास | वडा नं ५ र ६ | क्रमागत | |
| २ | कमलदह वसपार्क सडक स्तरउन्नती | वडा नं ५ | १ | |
| ३ | धाउने अम्लाचौर तितेखोला सडक स्तरउन्नती | वडा नं ३ ४ ५ र६ | २ | |
| ४ | छिप्रीदह पाखागाउँ सडक स्तरउन्नती | वडा नं ५ र ६ | ३ | |

प्रदेश सरकारसँग माग गर्ने समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरु

| क स | आयोजनाको नाम | ठेगाना | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|
| १ | छिप्रीदह संरक्षण | वडा नं ६ | १ | |
| २ | ठाँटीडाँडा झुम्कामारे शहिद पार्क | वडा नं ५ | २ | |
| ३ | सिस्ने राउण्ड पर्यटन पूर्वाधार निर्माण | वडा नं १ र २ | ४ | |
| ४ | रुकुमकोट वसपार्क निर्माण | वडा नं ५ काजिन्द्र | ३ | |

७. प्रस्ताव नं. ४ मा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा), सिंहदरबार काठमाडौंको च.नं. ७४९ मिति २०८० ०९१७ को परिपत्र अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ मा व्यवस्था भएबमोजिमको 'अवकाश कोष 'स्थापना गर्ने र सोही दफामा व्यवस्था भए बमोजिम रकम नियमित जम्मा गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

CamScanner

८. प्रस्ताव नं. ५ मा छलफल गर्दा सिस्ने गाउँपालिक 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी जाँचबुझ समितिको मिति २०८० पुस २२ गतेको प्रतिवेदन अनुसार सिफारिस भइ आएका तपसिल बमोजिम कम्पनी/फर्म लाई 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र प्रदान गर्ने।

तपसिलः

| क्र.स. | कम्पनी/फर्म को नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्रेय एण्ड कम्पनी प्रा.ली. | सिस्ने गाउँपालिका- ५, रुकुमकोट, रुकुम (पूर्वी भाग) | |
| २ | चित्रेपाटन निर्माण सेवा अर्डर एण्ड सप्लायर्स प्रा.ली. | सिस्ने गाउँपालिका- ५, रुकुमकोट, रुकुम (पूर्वी भाग) | |

९. प्रस्ताव नं ९ मा छलफल गर्दा तपसिल बमोजिमको सडक मर्मतको काम तत्काल सम्पन्न गरी आवागमन सहज पार्ने अवस्था भएबमोजिम काम सम्पन्न भएकाले भुक्तानी दिने ।

तपसिलः

१. रुमालबारा होर्दिङ जाने सडकै सरसफाइ खर्च रकम

२. छिप्रीदह मन्दिर जाने बाटोमा माटो फिलिङ गरेको खर्च रकमए

१०. प्रस्ताव नं १० मा छलफल गर्दा सिस्ने गाउँपालिकाको भवन निर्माण मापदण्ड तथा नक्शापास कार्यविधि, २०८० स्वीकृत गरी नियमानुसार कार्यान्वयन गर्ने ।

११. प्रस्ताव नं ११ मा छलफल गर्दा सिस्ने गाउँपालिकाको आ व २०७९/८० को स्वमूल्याङ्कन नतिजा सार्वजनिक गर्ने ।

१२. प्रस्ताव नं १२ मा छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ मा शिक्षा संघीय अनुदान तर्फ शैक्षिक गुणस्तर सुदृढीकरण अनुदान अन्तर्गत विद्यालयहरुमा पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापन शीर्षकमा बजेट हस्तान्तरण भइ आएकोमा मिति २०८०/०८/०५ गते प्रकाशित सूचना बमोजिम रितपूर्वक पेश हुन आएका तपशील बमोजिमका प्रस्तावहरु स्वीकृत गरियो।

| क सं | विद्यालयको नाम | अनुदान रकम रु. हजार | स्वीकृतिका आधारहरु |
|---|---|---|---|
| १ | श्री रुक्मिणी मावि रुकुमकोट, सिस्ने- ५ | ६,५०,०००/- | निवेदन, वि. व्य. स. को निर्णय, प्रस्ताव वडाको सिफारिस |
| २ | श्री नवज्योति मावि बल्लेचौर, सिस्ने- १ | ६,५०,०००/- | निवेदन, वि. व्य. स. को निर्णय, प्रस्ताव वडाको सिफारिस |

गाउँपालिका कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम

नेत्र बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

१३. प्रस्ताव नं. १३ मा छलफल गर्दा सिस्ने गाउँपालिका का श्री हिमालय मावि नायगाड सिस्ने- २, श्री आधारभूत विद्यालय स्यालापाखा सिने- ८ मा निमावि तह १/१ जैना गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन गर्ने।

१४. प्रस्ताव नं. १४ मा छलफल गर्दा विधायन समितिले पेश गरेका सिस्ने गाउँपालिकाको आधारभूत तह (कक्षा- ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८०, र सिस्ने गाउँपालिंका विभिन्न पदका करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिएंको परीक्षामा खटिने कर्मचारीको सेवा सुविधा सम्बन्धी मापदण्ड २०८० अनुमोदनको लागि गाउँसभामा पेश गर्ने ।

निर्णय प्रमाणित

२०८०/१०/२८

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष